## समावेशी ग्रामिण विकास परियोजना, नवलपरासी

स्थानीय द्वारा पहल परियोजना अर्न्तगत आवश्यक केरा खेती सामाग्री खरिदका लागी सिलबन्दी दरभाउ पत्र आह्वान

# Terms of Reference (ToR)

## परिचय :

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्रविधिक सहयोगमा सहमति संस्था द्वारा नवलपरासी बर्दघाट सुस्ता पूर्व - पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आय श्रोत वृद्धि गरि जीवन स्तर सुधार ल्याउन का निम्ति जुलाई २०१९ देखि **समावेशी ग्रामिण बिकास परियोजना नवलपरासी** अर्न्तगत २६ वटा स्थानिय द्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ। स्थानिय द्वारा पहल गरिएको परियोजनाहरु मूख्यतय चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशु जन्य उत्पादन, आर्थिक भौतिक पूर्वधार विकास र युवा तथा महिला सिप बिकास) मा केन्द्रित रहेका छन्। उक्त परियोजनाहरुका लागि अनुसूचिहरुमा उल्लेखित केरा खेती सम्बन्धी सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुले निम्न शर्तहरुको अधिनमा रहि तोकिएको म्याद भित्र पेश गर्ने गरि सिलबन्दी दरभाउ पत्र आवह्रान गरिन्छ।

**आवश्यक सामग्रीहरुको सूची**

**अनुसूचि १: (केरा खेती सामाग्रीहरु)**

**परियोजना कार्यक्षेत्र :** सुस्ता गा.पा ३

| **१. आवश्यक सामाग्रीहरु** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स** | **विवरण** | **इकाई** | **आवश्यक संख्या ( अनुमानित)** | **जात** | **कैफियत** |
| १ | केराको टिस्यु कल्चर सार्न योग्य बेर्ना (कम्तीमा १ महिना उमेर भएको) | संख्या | १,००,००० | जि नाईन, विलियम हाईब्रिड,रोबष्टा | |
| २ | केराको टिस्यु कल्चर बेर्ना (नर्सरी स्थापनाको लागि) | संख्या | १८,००० | | |
| ३ | केराको घरी छोप्ने पलाष्टिक थैला | संख्या | १६,७०० | | |
| ४ | नर्सरी पलाष्टिक थैलो ( १५ cm x ३० cm | संख्या | १८,००० | | |

**शर्तहरु :**

१. नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो दरपत्रको लागि योग्य हुनेछ। स्थानीय सप्लायर्स तथा सेवा प्रदायकलाई प्राथमिकता दिईने छ।

२. अनुसूचीमा उल्लेख गरिएको सामग्रीहरू मध्य आफुले आपूर्ति गर्न ईच्छुक सामाग्रीहरुको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट दरभाउ पत्र फारममा पेश गर्नु पर्नेछ । दरभाउ पत्र पेश गर्दा सामाग्रीहरुको उत्पादन

कम्पनी, गुणस्तरको ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ साथै उक्त दररेट छनौट भएको मितिले १ वर्ष सम्म मान्य हुनुपर्ने छ ।

३. वार्षिक परिमाणमा छुट हुन सक्ने भए सो खुलाउन पर्नेछ ।

४. आपूर्तिकर्ताले अनुसूचीमा उल्लेखित कार्यक्षेत्र सम्म सामग्री ढुवानी सेवा प्रदान गर्नुपर्ने छ । अनुसूचीमा उल्लेख गरिएको सम्पूर्ण सामग्रीहरूको लागि वा कुनै एउटा मात्रै सामग्रीको लागि पनि दररेट पेश गर्न सकिने छ । प्रत्येक सामग्रीको दररेटको मूल्याकंन छुट्टाछुट्टै गरिनेछ ।

५. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरभाउ पत्र पेश गर्नुपर्ने छ ।

६. अनुसूचीमा भएका सामग्रीहरूको आवश्यक संख्या, अवस्था हेरेर परियोजनाको आवश्यकता अुनसार थपघट हुन सक्नेछ । केराका बेर्नाहरु १० बैसाख २०७७ देखि ४ चरणमा उपलब्ध गराउनु पर्नेछ ।

७. म्याद नाघी वा रीत नपुगी दाखिला भएको दरभाउ पत्र उपर कुनै कार्वाही हुने छैन ।

८. दरभाउ दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै दरभाउ पत्र पेश गर्न सकिनेछ ।

९. दरभाउ पेश गर्दा अनुसूची मा उल्लेख गरिएको दरभाउ फारममा सामग्रीको रकम विस्तृत रूपमा उल्लेख गरी दररेट बुझाउनु पर्नेछ र प्रत्येक पेजमा फर्मको छाप र आधिकारीक हस्ताक्षर हुनुपर्ने छ ।

१०. दरभाउ पत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनपर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

११. आवश्यकता परेको खण्डमा, कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नुभन्दा अगाडि संशोधन गरी प्रस्तुत गर्न भन्न सकिनेछ ।

१२. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग परियोजनाको आवश्यकता अनुसार पूर्ण तथा आंशिक रुपमा सम्झौता गरिनेछ ।

१३. दरभाउ पत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१४. पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

- क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित उपलब्ध दरभाउ पत्र फारम
- ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि
- ग. PAN तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- घ. बोलपत्र बुझाएको निबेदन
- ङ. कार्य अनुभव खुल्ने कुनै सहयोग कागजातहरू ।

१६. आपूर्तिकर्ता छनौट गर्नु पूर्व परियोजनाले आपूर्तिकर्ताको आवश्यक परेमा स्थलगत अनुगमन गर्न सक्ने छ ।

१७. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरु र परियोजनामा निहित हुनेछ ।

उपरोक्त बमोजिमको दरभाउ पत्र सिलबन्दी खाममा परियोजनाको नाम र “केरा खेती सामग्री खरिद” स्पष्ठ लेखी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् २०७६ चैत्र ४ गते तदनुसार 17 March 2020 बेलुका ५:०० बजे भित्र समावेशी ग्रामिण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेश्नल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा सिधै वा हुलाक/कुरियर मार्फत बुझाउन सकिने छ ।

दरभाउ पत्र फारम नं : १ (केरा खेतीको लागि बेर्ना र सामाग्रीहरु)

| क्र.स | विवरण | इकाई | जात तथा अन्य विवरण | प्रति इकाई मुल्य | प्रति इकाई मुल्य (अक्षरमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | केराको टिस्यु कल्चर सार्न योग्य बेर्ना ( कम्तीमा १ महिना उमेर भएको) | १ वटा | | | | |
| | | | | | | |
| | | | | | | |
| २ | केराको टिस्यु कल्चर बेर्ना (नर्सरी स्थापनाको लागि) | १ वटा | | | | |
| | | | | | | |
| | | | | | | |
| ३ | केराको घरी छोप्ने पलाष्टिक थैला | १ वटा | | | | |
| | | | | | | |
| | | | | | | |
| ४ | नर्सरी पलाष्टिक थैलो ( १५ cm x ३० cm | १ वटा | | | | |
| | | | | | | |
| | | | | | | |